आज मिति २०७७/०६/१६ गते शुक्रबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेम्तेन गुरुङज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताव उपर छलफल गरि देहायनुसार निर्णय गरियो।

उपस्थितिः

| नामथर | पद |
| --- | --- |
| श्री फेन्चोक छेम्तेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| चिरन्जीबी बराल | प्रमुख प्रशासकीय अधिकृत |
| श्री विर बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| श्री छिन नाम्ग्या गुरुङ | |
| श्री नविन कुमार गुरुङ | |
| श्री तेन्जिन नामगेल गुरुङ | |
| श्री राप्के गुरुङ | |
| श्री साङ्गो छिरिङ गुरुङ | |
| श्री फुल कुमारी विश्वकर्मा | |
| श्री लक्ष्मी कुमारी गुरुङ | |
| श्री देवी गुरुङ | |
| श्री फुलमाया वि.क. | |
| श्री छीरिङ आङ्ग्याल गुरुङ | |

अन्य उपस्थितिः

सुदर्शन पौडेल शाखा अधिकृत

**प्रस्तावहरुः**

**प्रस्ताव नं. १ स्थानिय विपद ब्यबस्थापन समिति गठन गर्ने सम्बन्धमा ।**

**प्रस्ताव नं. २ रोजगार संयोजक पदपुर्ति समिति गठन गर्ने सम्बन्धमा ।**

**प्रस्ताव नं. ३ कोभिड अस्पतालको लागि कर्मचारी पदपुर्ति समिति गठन सम्बन्धमा ।**

**प्रस्ताव नं. ४ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, कृषि पकेट क्षेत्र निर्धारण गर्नको प्राविधिक समिति गठन गर्ने सम्बन्धमा ।**

**प्रस्ताव नं. ५ " वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, जलश्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि २०७७" र "वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, अपाङ्गता भएका ब्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७७" स्विकृत गर्ने सम्बन्धमा ।**

**प्रस्ताव नं. ६ गाउँ कार्यपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा ।**

**प्रस्ताव नं. ७ चरीचरण क्षेत्र विवाद सम्बन्धमा ।**

**निर्णयहरुः**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा विपद जोखिम न्युनिकरण एवं व्यवस्थापन ऐन, २०७४ को दफा १७ को उपदफा १ को व्यवस्थाअनुरुप तपसिल बमोजियमका ब्यक्तिहरु सदस्य रहेको यस गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन समिति गठन गरियो।

तपसिलः

फेन्चोक छेप्तेन गुरुङ (गा.पा. अध्यक्ष);- संयोजक

कागबेनी प्रहरी चौकि प्रमुखः- सदस्य

इलाका प्रहरी कार्यालय मुक्तिनाथका प्रमुखः- सदस्य

इलाका प्रहरी कार्यालय छुसाङका प्रमुखः- सदस्य

अन्नपुर्ण संरक्षण क्षेत्र परियोजना कागबेनी कार्यालयका प्रमुखः- सदस्य

वडा नं. १ बाट, छाङ्नाम्गे गुरुङः- सदस्य

वडा नं. २ बाट, कर्साङ आङ्गो गुरुङः- सदस्य

वडा नं. ३ वाट, धार्पो गुरुङः- सदस्य

वडा नं. ४ बाट, लक्ष्मि गुरुङः- सदस्य

वडा नं. ५, देवि गुरुङः- सदस्य

प्रमुख प्रशासकीय अधिकृतः- सदस्य सचिव

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा रोजगारिको हक सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिमका रोजगार सेवा केन्द्र सञ्चालन गर्न यस गाउँपालिकाको रोजगार संयोजक नियुक्तीको लागि तपसिल बमोजिमका सदस्यहरु रहेको रोजगार संयोजक पदपुर्ति समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

तिर्थराज खनाल, जिल्ला समन्वय अधिकारी, मुस्ताङः- संयोजक

टेकनाथ अधिकारी, जिल्ला सरकारी वकिल कार्यालयः- विषय बिज्ञ

प्रमुख प्रशासकीय अधिकृतः- सदस्य सचिव

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस गाउँपालिकाको अस्थायी कोभिड अस्पतालको लागि आवस्यक कर्मचारी करारमा नियुक्ति गर्न तपशिल बमोजिमका सदस्यहरु रहेको पदपुर्ति समिति गठन गरियो।

तपसिलः

डा. अनिल तिमिल्सिना, जिल्ला अस्पताल मुस्ताङका डाक्टरः- संयोजक

टिकाराम भन्डारी, जिला जनस्वास्थ्य कार्यालय मुस्ताङका प्रमुखः- सदस्य

जनार्दन आचार्यः- सदस्य

सुदर्शन पौडेलः- सदस्य

खगेन्द्र बोहराः- सदस्य सचिव

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथी छलफल गर्दा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत यस गाउँपालिकाको कृषि पकेट क्षेत्र निर्धारण गर्नको लागि तपसिल बमोजिम प्राविधिक समिति गठन गरियो।

तपसिलः

प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीः- समयोजक

गाउँपालिकाको पसु शाखा प्रमुखः- सदस्य

गाउँपालिकाको कृषि शाखा प्रमुखः- सदस्य सचिव

छिरिङ आङ्ग्याल गुरुङः- सल्लाहकार

विर बहादुर गुरुङः- सल्लाहकार

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथी छलफल गर्दा "वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, जलश्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि २०७७" र "वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, अपाङ्गता भएका ब्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७७" स्विकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कार्यपालिकाका सदस्य एवं वडा नं. ३ का वडाध्याक्ष नविन कुमार गुरुङलाइ गाउँ कार्यपालिकाको प्रबक्ता तोक्ने निर्णय गरियो।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथी छलफल गर्दा हिउँद वा वर्षामा कुनै गाउँमा पशु चरिचरणको सम्बन्धमा समस्यापरी सो गाउँ रहेको वडा बाहेक अर्को वडामा पशु चराउन लानुपर्ने भएमा जुन वडाका पशु अर्को वडामा चराउन लानुपर्ने हो सो वडाले पशु चराउन लाने वडामा परम्परा अनुसार ठेकि (केरे) र खादा सहित सिफारिस अनुरोध गर्ने र चरण क्षेत्र रहेको वडाले अनुमति दिएपछि उक्त चरिचरण प्रयोग गर्न पाउने निर्णय गरियो।